याङ्वरक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
थर्पु, पाँचथर
कोशी प्रदेश , नेपाल

सूचना नं. : ११० - २०८१/०८२

मिति : २०८२/०३/२५

**विषय : सामाजिक सुरक्षा परिचयपत्र नविकरण सम्बन्धी सूचना ।**

सामाजिक सुरक्षा ऐन, २०७५ बमोजिम सामाजिक सरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुले सामाजिक सुरक्षा नियमावली, २०७६ (संशोधन सहित) को नियम ९ बमोजिम नेपाल सरकार मन्त्रिपरिषद्‌कोको मिति २०८१/०२/२४ गतेको निर्णयानुसार आगामी आ.व. २०८२/०८३ का लागि सामाजिक सुरक्षा भत्ता नविकरण गर्दा Bio-metric Verification अनिवार्य हुने भएको र सो को लागि राष्ट्रिय परिचयपत्र नं.(National Identity Number) अनिवार्य रूपमा व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन प्रणाली(VERSP-MIS) मा अद्यावधिक भएको हुनुपर्ने भएकोले राष्ट्रिय परिचय पत्रको लागि फारम भरी Bio-Metric विवरण दिई फोटो खिचाइसकेको(Enrollment गराइसकेको) लाभग्राहीहरूले सो पश्चात प्राप्त भएको कागजात(निस्सा) को प्रतिलिपी र राष्ट्रिय परिचय पत्रको लागि Enrollment नगरेका(फारम नभरि Bio-Metric विवरण र फोटो नखिचाएका) लाभग्राहीहरूले यथासिघ्र राष्ट्रिय परिचय पत्रको लागि Enrollment गराई सो पश्चात प्राप्त हुने कागजातको प्रतिलिपीसहित सम्बन्धित वडा कार्यालयमा गई आर्थिक वर्ष २०८१/०८२ का लागि मिति २०८२ भाद्र मसान्तभित्रमा स्वयम् उपस्थित भई अनिवार्य रुपमा सामाजिक सुरक्षा परिचयपत्र नविकरण गर्न गराउन हुन अनुरोध छ। तोकिएको समयमा सामाजिक सुरक्षा परिचयपत्र नविकरण नभएमा प्रणालीमार्फत स्वत: लाभग्राहीबाट लगत कट्टा हुने र त्यस्ता लाभग्राहीले आ.व. २०८२/०८३ को सामाजिक सुरक्षा भत्ता प्राप्त नहुने व्यहोरा सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**संलग्न गर्नुपर्ने कागजातहरु :**

१. लाभग्राही परिचय पत्रको सक्कल प्रति ।
२. राष्ट्रिय परिचयपत्रको प्रतिलिपी ।
३. राष्ट्रिय परिचयपत्र नभएमा सो को १० अंकको विवरण भएको निस्सासहित नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।
४. अपाङ्गता भएका व्यक्तिको हकमा अपाङ्गता परिचयपत्रको प्रतिलिपी र राष्ट्रिय परिचयपत्र वा NIN सहितको जन्मदर्ताको प्रतिलिपी ।
५. लाभग्राहीको बैंक खाताको विवरण वा चेकको प्रतिलिपी ।

..................
रामराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ:
श्री वडा कार्यालय,सवै ।
याङ्वरक गाउँपालिका,पाँचथर (सूचना प्रवाह गर्नु हुन ।)

(नोट: वालवालिका, पूर्ण अपाङ्गता भएका व्यक्ति र ९० वर्ष माथिका जेष्ठ नागरिकबाहेक अन्य लाभग्राहीहरुले स्वयम् सम्वन्धित वडा कार्यालयमा उपस्थित भई यो निवेदन दिनुपर्नेछ । निवेदन संरक्षकले निवेदन दिएको खण्डमा संरक्षकको राष्ट्रिय परिचय पत्रको प्रतिलिपी अनिवार्य राख्नुपर्ने छ ।)


yangwarakruralmun@gmail.com | www.facebook.com/yangwarak | www.yangwarakmunpanchthar.gov.np | ०२४-०२४,४१००४८-४१००४९

CamScanner